७. सूचना दिन वा सूचनाको दुरुपयोग गर्न नहुने: (१) शिक्षक-कर्मचारी प्रचलित कानून बमोजिम गोप्य मानिने सूचनाको जानकारी कसैलाई पनि दिनुहुँदैन।

(२) शिक्षक-कर्मचारी आफ्नो पदीय हैसियत वा विद्यालयको कार्यसम्पादनको क्रममा वा अन्य कुनै प्रकारबाट जानकारीमा आएको विद्यालयमा उपलब्ध भएको वा नभएको कुनै सूचना वा जानकारी कसैलाई दिन वा आफ्नो वा आफ्नो परिवार वा अन्य कुनै व्यक्तिको फाइदाको लागि प्रयोग गर्नुहुँदैन।

(३) प्रधानाध्यापक, सूचना अधिकारी वा प्रवक्ता बाहेक अरु शिक्षक-कर्मचारीले आफू कार्यरत रहेको विद्यालयबाट प्रकाशन नगरिएको सूचना सार्वजनिक गर्नहुँदैन। तर विद्यालयबाट सार्वजनिक गरिएको सूचना दिन कुनै बाधा पर्नेछैन।

(४) विद्यालयबाट सार्वजनिक रुपमा वा विद्यालयको कामको सिलसिलामा कुनै व्यक्ति वा शिक्षक कर्मचारीलाई सूचना वा जानकारी दिनु पर्दा पूर्ण र यथार्थ सूचना वा जानकारी दिनुपर्नेछ।

(५) शिक्षक-कर्मचारी आफ्नो कर्तव्य पालनाको सिलसिलामा जानकारी हुन आएको कुनै सूचनाको प्रयोग त्यस्तो सूचना जुन प्रयोजनको लागि सृजना वा प्राप्त भएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग गर्नु हुँदैन।

(६) प्रधानाध्यापक, सूचना अधिकारी वा प्रवक्ता बाहेक अन्य शिक्षक-कर्मचारीले अधिकार प्राप्त नगरी विद्यालयको काम कारबाही वा सोसँग सम्बन्धित विषयमा कुनै पनि सञ्चारका साधन मार्फत वक्तव्य दिन, अन्तर्वार्ता दिन वा नाम गोप्य राखेर वा नराखेर कुनै सूचना दिनहुँदैन। अधिकार प्राप्त गरी त्यस्तो सूचना वा वक्तव्य वा अन्तर्वार्ता दिंदा तथ्यमा सीमित रहेर दिनुपर्नेछ र त्यसमा आफ्नो व्यक्तिगत दृष्टिकोण वा विचार व्यक्त गर्न पाइनेछैन।

८. काम कारबाहीमा निष्पक्षता कायम गर्ने: (१) शिक्षक कर्मचारीले आफ्नो पदीय जिम्मेवारी कसैको अनुचित प्रभाव, प्रलोभन, दबाव, भनसुन वा कुनै आग्रहबाट प्रभावित नभई कसैप्रति कुनै पनि किसिमको पूर्वाग्रह वा द्वेष नराखी स्वतन्त्र र निष्पक्षताका साथ पालना गर्नुपर्नेछ।

(२) शिक्षक-कर्मचारीले विद्यालयको काम कारबाहीसँग सम्बन्धित व्यक्ति वा संस्थासँग कुनै लेनदेन व्यवहार गर्न वा आफ्नो पदीय कर्तव्यमा असर पर्ने गरी कुनै व्यक्ति वा संस्थाबाट कुनै किसिमको उपहार, दान वा चन्दा स्वीकार गर्न, लिन तथा कुनै किसिमबाट जुनसुकै प्रयोजनको लागि चन्दा, दान वा सहयोग उठाउने काममा प्रत्यक्ष वा अप्रत्यक्ष संलग्न हुनुहुँदैन।

९. व्यापार व्यवसाय गर्न नहुने: प्रचलित कानूनले अनुमति दिएकोमा बाहेक शिक्षक-कर्मचारीले आफू एक्लैले वा कुनै व्यक्ति वा समूहसँग मिलेर प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि व्यापार व्यवसाय गर्नुहुँदैन।

CamScanner